आज मिति २०७८।०६।१७ गते प्रमुख जिल्ला अधिकारी श्री जनार्दन गौतमको अध्यक्षतामा जिल्ला संकट व्यवस्थापन केन्द्रको बैठक बसी निम्नानुसार निर्णय गरियो-

**बिशेष आमन्त्रित:**

१. शम्भु प्रसाद यादब -नगर प्रमुख रा.बि. न.पा.

**उपस्थिति**

१. प्र.जि.अ. श्री जनार्दन गौतम - अध्यक्ष
२. प्रमुख सेनानी श्री निरज भण्डारी - सदस्य
३. प्रहरी उपरीक्षक श्री राजेन्द्र प्रसाद धमला - सदस्य
४. सशस्त्र प्रहरी उपरीक्षक श्री राजु श्रेष्ठ - सदस्य
५. प्रमुख अनुसन्धान अधिकृत श्री रामरिजन यादब - सदस्य
६. गजेन्द्र नारायण सिंह अस्पताल सूर्यकान्त झा - सदस्य
७. जि.स.स.अधिकारी श्री उमेश कुमार यादव - सदस्य

**आमन्त्रित:**

१. स. प्र.जि.अ. श्री नाथु साह - जिल्ला प्रशासन कार्यालय, सप्तरी ।
२. श्री दुनियालाल यादब - स्वास्थ्य कार्यालय नि.प्रमुख
३. श्री शंकर कुमार दास - सप्तरी उद्योग बाणिज्य संघ अध्यक्ष
४. श्री दीप कुमार कटुवाल, - राजविराज भंसार कार्यालय

## निर्णय नं. १

कोभिड-१९ को नयाँ भेरियण्ट संक्रमण, रोकथाम, नियन्त्रण, निदान र उपचारमा प्रतिकुल असर नपर्ने गरी विदेशबाट नेपाल आउने नेपाली तथा बिदेशीहरुको आगमनलाई व्यवस्थित गर्न नेपाल सरकार, म.प. बाट स्वीकृत विदेशबाट नेपाल आगमन हुने नेपालबाट प्रस्थान गर्ने यात्रुहरुको यात्रा व्यवस्थापन सम्बन्धी आदेश, २०७८ र प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयको च.नं. १८३२ मिति २०७८।०६।११ को अन्तर्राष्ट्रिय सीमा नाका खोल्ने सम्बन्धी पत्रको निर्देशन बमोजिम सप्तरी जिल्ला स्थित अन्तर्राष्ट्रिय सीमा नाका भएर स्थलमार्गबाट देहाय बमोजिमको मापदण्ड पुरा गरी नेपाल प्रवेश गर्न अनुमति दिने ।

क) स्थलमार्गबाट नेपाल प्रवेशका लागि नेपाल-भारत सीमाको सप्तरी जिल्ला स्थित तिलाठी कोइलाडी गाउँपालिका अन्तर्गतको तिलाठी, छिन्नमस्ता गाउँपालिका अन्तर्गतको छिन्नमस्ता, राजगढ गाउँपालिका अन्तर्गतको बननीया, डाकनेश्वरी नगरपालिका अन्तर्गतको पातो, बोदेबरसाइन नगरपालिका अन्तर्गतको सुवर्णपट्टी,वलान बिहुल गाउँपालिका अन्तर्गतको रामनगर र बेल्ही नाका सम्बन्धित नगरपालिका/गाउँपालिकाले हेल्थ डेस्क, एन्टिजेन परीक्षण स्थल स्थापना गरी संचालन गरेपछि आवागमनका लागि खुल्ला गर्ने ।

ख) भारतीय नागरिकहरु उपरोक्त नाकाहरुबाट नेपाल प्रवेश गर्न भन्दा ७२ घण्टा भित्र कोभिड-१९ को परिक्षण रिपोर्ट नेगेटिभ भएको, विदेशबाट नेपाल आउने व्यक्तिले भर्नुपर्ने फारम www.ccmc.gov.np मा लगइन गरी अनलाईन फारम (International online arrival form) भरी सोको प्रिन्ट प्रति साथमा लिई आएमा नेपाल प्रवेश गर्न अनुमति दिने ।

ग) नेपाल प्रवेश गर्दा भारतीय नागरिकको हकमा कोभिड-१९ को लक्षण वा चिन्ह देखिएमा त्यस्तो व्यक्तिको एन्टिजेन परिक्षण गरी रिपोर्ट नेगेटिभ आएमा मात्र नेपाल प्रवेश गर्न दिने ।

घ) स्थलमार्गबाट नेपाल प्रवेश गर्ने सम्बन्धी अन्य मापदण्डको हकमा विदेशबाट नेपाल आगमन हुने र नेपालबाट प्रस्थान गर्ने यात्रुहरुको यात्रा व्यवस्थापन सम्बन्धी आदेश, २०७८ मा भएको व्यवस्था बमोजिम हुने ।

**निर्णय नं. २**

आसन्न चाडपर्वको समयमा कोभिड-१९ को संक्रमण बढ्न सक्ने संभावनालाई मध्यनजर गरी स्थानीय तह र स्वास्थ्य कार्यालयले देहायमा उल्लेखित व्यहोरा समेटी सूचना जारी गर्ने ।

क) सरकारी कार्यालयहरुमा सेवा लिन आउने सेवाग्राहीले अनिवार्य रुपमा मास्क लगाउनु पर्ने र लाइनमा बस्दा समाजिक दुरी कायम गर्ने ।

ख) मठ, मन्दिरमा पुजा आजा गर्न आउने भक्तजनहरुले अनिवार्य रुपमा मास्क लगाउनुपर्ने, मास्क नलगाउनेलाई मन्दिर प्रवेश गर्न नदिने ।

ग) भीडभाड हुने गरी कुनै पनि समाजिक, राजनैतिक र धार्मिक मेला, सम्मेलन र अन्य कार्यक्रमहरु नगर्ने ।

घ) जात्रा, महोत्सव एवं धेरै मानिसहरु भेला जम्मा गरी नाचगान एवं सांस्कृतिक कार्यक्रम नगर्ने ।

ङ) सार्वजनिक यातायातका साधनहरुमा सिट क्षमता भन्दा बढी यात्रुहरु नराख्ने र यात्रुहरुलाई अनिवार्य रुपमा मास्क लगाउन लगाउने ।

च) हाट बजार र अन्य व्यपारिक केन्द्रहरु स्वास्थ्य सुरक्षा मापदण्ड अपनाएर संचालन गर्ने ।

छ) कोभिड-१९ को लक्षण देखिएमा परिक्षणको सेवा संचालन भएको नजिकको स्वास्थ्य केन्द्रमा गई एन्टिजेन वा RTPCR परिक्षण गर्न सर्व साधारणलाई सूचित गर्ने ।

ज) कोभिड-१९ को परिक्षण गर्दा पोजेटिभ रिपोर्ट आउने सर्वसाधारणलाई होम आइशोलेशन/क्वाइरेन्टाइन बस्न अनुरोध गर्ने ।

झ) कोभिड-१९ को संकट टरी नसकेको र नयाँ भेरियण्ट पनि देखा पर्दै गएको अवस्थामा सर्व साधारणलाई मास्क लगाउन, समाजिक दुरी कायम गर्न र अन्य स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्न अनुरोध गर्ने ।

ञ) साथै स्थानीय तहलाई बृहत रुपमा मास्क प्रयोगको सुनिश्चता सम्बन्धी अभियान संचालन गर्न अनुरोध गर्ने ।